<u>महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यबाट एकाउन्नौ वार्षिक प्रतिवेदन, २०७० पेश</u>

सवै सरकारी कार्यालय, संवैधानिक निकाय, सुरक्षा निकाय, सरकारी स्वामित्वमा रहेका संगठित संस्था, विश्वविद्यालय, अन्य संस्था एवं कोषहरु समेत ४ हजार ७४० इकाईको आर्थिक वर्ष २०६९।७० को रु.२० खर्व ८५ अर्व ८० करोड १० लाखको लेखापरीक्षण सम्पन्न गरी तयार पारेको महालेखापरीक्षकको एकाउन्नौ वार्षिक प्रतिवेदन, २०७० महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले २०७०।१२।२८ मा सम्माननीय राष्ट्रपति श्री रामवरण यादव समक्ष पेश गर्नु भयो । उक्त कारोबारको लेखापरीक्षणबाट यो वर्ष रु.३६ अर्ब ६० लाख १३ हजार बेरुजू कायम भएको छ। कूल बेरुजूमध्ये असुल उपर गर्नुपर्ने रु.३ अर्ब ७४ करोड ९४ लाख (कूल बेरुजूको १०.२४ प्रतिशत), अनियमित भएको रु.१८ अर्ब ८० करोड ५८ लाख (कूल बेरुजूको ५१.३८ प्रतिशत) र पेश्की बाँकी रु.१४ अर्ब ४ करोड ६१ लाख (कूल बुरुजूको ३८.३८ प्रतिशत) रहेको छ ।

सोही दिन कार्यालयको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले प्रतिवेदनमा समावेश भएका प्रमुख व्यहोराहरुको सम्बन्धमा प्रकाश पार्नुका साथै पत्रकारहरुले राखेको जिज्ञासाको समेत जवाफ दिनु भएको थियो ।

उहाँले प्रतिवेदन बुझाए लगतै लेखापरीक्षण एवं प्रतिवेदन तयारीको काममा अहोरात्र खटी तोकिएकै समयमा राष्ट्रपति समक्ष प्रतिवेदन पेश गर्न सहयोग पुर्‍याउनु हुने यस कार्यालयका सवै कर्मचारीहरुलाई धन्यवाद समेत दिनु भयो ।